एकाइ एघार

# शिक्षा र सामाजिक विकास

# Education And Social Development

## अति छोटो उत्तर आउने प्रश्न:

१. शिक्षा भनेको के हो ?
⇒ ज्ञान आर्जन गर्ने कार्यलाई शिक्षा भनिन्छ।

२. मानव संसाधनको अर्थ लेख्नुहोस्।
⇒ कुनै न कुनै क्षेत्रमा काम गर्न सक्ने व्यक्तिलाई मानव संसाधन भनिन्छ।

३. मानव संसाधन विकासको परिभाषा लेख्नुहोस्।
⇒ मानव संसाधन विकास भनेको जनशक्तिलाई थप शिक्षा र तालिमको माध्यमबाट दक्ष जनशक्ति बनाउने प्रक्रिया हो।

GURUMA

## छोटो उत्तर आउने प्रश्न:

१. नेपालको शिक्षामा पहुँच पुग्न नसक्नुको कारण लेखी शिक्षाको पहुँच वृद्धि गर्ने उपाय उल्लेख गर्नुहोस्।

→ नेपालको शिक्षामा पहुँच पुग्न नसक्नुको कारण यस प्रकार छन्।

(क) देशको अधिकांश धरातलीय स्वरूप विकट हुनु र घर र विद्यालयबिचको दुरी धेरै हुनु,

(ख) जनताको आर्थिक अवस्था कमजोर हुनु,

(ग) छोरा र छोरीबिच भेदभाव हुनु, छोरालाई उच्च शिक्षाको अवसर दिनु, छोरीलाई बिचमै पढाइ छुटाउनु,

(घ) अधिकांश छोरीको विवाह २० वर्ष भन्दा कम उमेरमा हुनु,

शिक्षामा पहुँच वृद्धि गर्ने उपाय यसप्रकार छन्।

(क) सडक यातायात, संचार आदि पूर्वाधारको विस्तार गर्ने,

(ख) कृषि, पर्यटन, घरेलु, उद्योग, पूर्वाधार विस्तार आदि क्षेत्रको विकासमा जोड दिने,

(ग) लैङ्गिक भेदभाव अन्त्य गर्ने विषयमा जनचेतना जगाउने,

(घ) बालविवाह गराउने दुवै पक्षका अभिभावकलाई कडा दण्ड सजाय दिने खालको कानुन निर्माण गर्ने।

## छोटो उत्तर आउने प्रश्न:

1. शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव उल्लेख गर्नुहोस्।

⇒ शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव यसप्रकार छन्।

(क) शिक्षा र चेतनाको प्रभावले गर्दा समाजभित्र लुकेर बसेका कुरीतिहरूको अन्त्य हुन्छ।

(ख) चोरी, डकैती, लुटपाट, मानव बेचबिखन, जस्ता समस्याहरू नियन्त्रणमा आउछन्।

(ग) शिक्षा र चेतनाको प्रभावले अन्धविश्वासहरू आफैं हटेर जान्छन्।

(घ) शिक्षाको प्रभावले धार्मिक तथा सांस्कृतिक व्यवहारलाई अझ सभ्य बनाउँछ।

(ङ) धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रचार प्रसार पनि हुन्छ।

## छोटो उत्तर आउने प्रश्न:

१. शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव उल्लेख गर्नुहोस्।

⇒ शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभाव यसप्रकार छन्।

(क) शिक्षा र चेतनाको प्रभावले गर्दा समाजभित्र लुकेर बसेका कुरीतिहरूको अन्त्य हुन्छ।

(ख) चोरी, डकैती, लुटपाट, मानव बेचबिखन, जस्ता समस्याहरू नियन्त्रणमा आउछन्।

(ग) शिक्षा र चेतनाको प्रभावले अन्धविश्वासहरू आफैं हटेर जान्छन्।

(घ) शिक्षाको प्रभावले धार्मिक तथा सांस्कृतिक व्यवहारलाई अझ सभ्य बनाउँछ।

(ङ) धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रचार प्रसार पनि हुन्छ।

२. सांस्कृतिक पश्चौरेपन हटाउन शिक्षाको कस्तो भूमिका हुन्छ? लेख्नुहोस्।

⇒ सांस्कृतिक पश्चौरेपन हटाउन शिक्षाको भूमिकालाई तलको बुँदाद्वारा पुष्टि गरिन्छ।

(क) नेपाली महिलाहरू पनि सामाजिक तथा राजनीतिक क्षेत्रमा लगातार अघि बढिरहेका छन्।

(ख) नेपालमा समावेशिताको अवधारणा लागु भएको छ। जसले गर्दा शारीरिक रूपले अपाङ्गता भएका, दलित आदि बालबालिकाले पनि शिक्षाको क्षेत्रमा समान अवसर पाएका छन्।

(ग) शिक्षाको प्रभावले गर्दा सामाजिक चेतनामा वृद्धि भएको छ। जसको कारण जातीय विभेद, छाउपडी जस्ता कुप्रथाहरू अन्त्य हुँदै छन्।

(घ) शिक्षाको प्रभावसँगै नेपाली समाज सूचनाप्रविधिको प्रयोगले विश्व समुदायसँग जोडिएको स्थिति देखिन्छ।

(ङ) शिक्षाले गर्दा नेपाली समाजको बासस्थान, भेषभूषा, रहनसहन र परम्परामा व्यापक परिवर्तन आएको छ।

## अति छोटो उत्तर आउने प्रश्न :

१. सामुदायिक विद्यालय र संस्थागत विद्यालयको बिच फरक लेख्नुहोस् ।

⇒ सामुदायिक विद्यालय सञ्चालक समितिमा बुद्धिजीवी र संस्थागत विद्यालयमा संस्थाका सञ्चालकहरूको मुख्य योगदान हुने गर्दछ ।

२. नेपालमा स्थापना भएको पहिलो विद्यालय कुन हो ? र कहिले स्थापना भएको थियो ?

⇒ नेपालमा स्थापना भएको पहिलो विद्यालय दरबार हाइस्कुल हो र यो वि.सं. १९१० मा स्थापना भएको थियो ।

---

३. साधारण शिक्षा र प्राविधिक शिक्षाबिचको फरक लेख्नुहोस् ।

⇒ साधारण शिक्षामा किताबी पाठ्यक्रम समावेश गरिएको हुन्छ भने प्राविधिक शिक्षामा प्रविधिमैत्री पाठ्यक्रम र प्रयोगात्मक शिक्षामा आधारित हुने गर्दछ ।

## छोटो उत्तर आउने प्रश्न:

१. शिक्षा र रोजगारी कसरी अन्तरसम्बन्धित विषय हुन ? उदाहरणसहित पुष्टि गर्नुहोस्।

⇒ व्यक्तिसँग जस्तो शिक्षा र सिप छ, त्यसैअनुसार रोजगार प्राप्त हुन्छ। त्यसैले शिक्षा र रोजगारको सम्बन्ध माछा र मासुको जस्तै प्रगाढ रहेको हुन्छ यसलाई तलको उदाहरणमार्फत पुष्टि गर्न सकिन्छ।

| | व्यक्तिको शैक्षिक अवस्था | ⇔ | रोजगारको अवस्था |
|---|---|---|---|
| (क) | शिक्षा र सिप प्राप्त नभएको अवस्था | → | पसिना बगाएर शारीरिक श्रम गर्न बाध्य हुनुपर्छ |
| (ख) | उच्च शिक्षा हासिल नगरेको अवस्था जस्तै: माध्यमिक शिक्षा मात्र पूरा गरेको | → | आफ्नो शैक्षिक योग्यता अनुसार रोजगारी प्राप्त गर्न मुस्किल पर्छ। |
| (ग) | सिपमूलक कामको तालिम लिएको। जस्तै: कपाल काट्ने, बिजुलीको काम गर्ने, आदि। | → | आफ्नो सिपअनुसारको रोजगार प्राप्त गर्न धेरै सजिलो हुन्छ। |
| (घ) | साधारण विषय लिएर उच्च शिक्षा हासिल गरेको। | → | आफ्नो शैक्षिक योग्यता अनुसार रोजगारी प्राप्त गर्न त सकिन्छ। तर यसका लागि थप अध्ययन गर्नुपर्ने हुन्छ। |
| (ङ) | प्राविधिक शिक्षा हासिल गरेको। जस्तै: मेडिकल साइन्स, इन्जिनियरिङ, सिए आदि। | | रोजगारी प्राप्त गर्न धेरै सजिलो हुन्छ आम्दानीको स्रोत राम्रो हुन्छ। |

छोटो उत्तर आउने प्रश्न:

१. नेपालको शिक्षा विकासमा समुदायको सहभागिता वृद्धि गर्ने उपायहरू के के हुन्? उल्लेख गर्नुहोस्।

⇒ नेपालको शिक्षा विकासमा समुदायको सहभागिता वृद्धि गर्ने उपायहरू यसप्रकार छन्।

(क) विद्यालय सञ्चालक समितिमा स्थानीय बुद्धिजीवीलाई परिचालन गर्नुपर्छ।

(ख) विद्यालयको पठन पाठन, शिक्षाको गुणस्तर र बालमैत्री वातावरण सिर्जना गर्ने विषयमा अनुगमन समिति बनाउनुपर्छ।

(ग) समुदायका कुनै पनि बालबालिकालाई शिक्षाबाट बञ्चित नगराउने जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।

(घ) विद्यालयका कमजोर पक्षलाई सुधार गर्न अभिभावक भेला बोलाइ छलफल गर्नुपर्छ।

(ङ) शिक्षक र विद्यार्थीको अनुशासन कायम गर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने आदि कार्यमा स्थानीय समुदायले विशेष रूपमा सहयोग गर्नुपर्छ।

२. नेपालमा बेरोजगारी समस्या समाधान गर्ने उपायहरु उल्लेख गर्नुहोस्।

⇒ नेपालमा बेरोजगारी समस्या समाधान गर्ने उपायहरु यसप्रकार छन्।

(क) भरपर्दो सिँचाइको विस्तार गर्ने, आफ्नै देशमा आधुनिक कृषि औजार कारखाना खोल्ने र देशलाई कृषि उत्पादनमा निर्भर बनाउने।

(ख) पर्यटकीय क्षेत्रसम्म आवश्यक पूर्वाधार विस्तार गर्ने, प्रचार प्रसारमा विशेष जोड दिने र पर्यटन उद्योगलाई व्यवस्थित गर्ने।

(ग) आफ्नो देशको आवश्यकतालाई हेरेर त्यहीअनुसारको पाठ्यक्रम तयार गर्ने र प्राविधिक शिक्षामा जोड दिने।

(घ) खनिज पदार्थलाई उपयोगमा ल्याउने, जलविद्युत् र सौर्यशक्तिको अत्याधिक उत्पादन गरी स्रोत साधनको उपयोग गर्नुपर्छ।

(ङ) कृषि, पर्यटन, घरेलु उद्योग, जस्ता क्षेत्रलाई व्यवस्थित बनाउने, हजारौं उद्योगहरु सञ्चालन गर्ने र बेरोजगार युवाशक्तिलाई सिपमूलक कामको तालिम दिनुपर्छ।

3. नेपालमा बेरोजगारी समस्या ~~भन्ने~~ उत्पन्न हुने कारणहरू उल्लेख गर्नुहोस्।

⇒ नेपालमा बेरोजगारी समस्या उत्पन्न हुने कारणहरू तल उल्लेख गरिएका छन्।

(क) हाम्रो देशको शैक्षिक नीतिले सैद्धान्तिक पक्षलाई बढी जोड दिएको छ। यसले गर्दा सिपयुक्त ज्ञान प्रदान गर्ने अवस्था देखिँदैन।

(ख) नेपालमा प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू ज्यादै कम छन्। प्राविधिक शिक्षा पढ्न चाहने विद्यार्थीले पनि सजिलै पाउने अवस्था छैन।

(ग) नेपालमा मानिसहरूलाई सिपमूलक तालिमको कमी छ। जसले गर्दा विदेशी जनशक्तिले काम गर्ने र नेपाली बेरोजगारी हुने अवस्था रहेको छ।

(घ) नेपालमा कृषि, पर्यटन, आदि क्षेत्रलाई योजनाबद्ध तरिकाले विकास नगरेको कारण बेरोजगारी समस्या उत्पन्न भएको हो।

(ङ) नेपालमा औद्योगिक नीतिहरू व्यवहारमा लागु नहुँदा लाखौं जनशक्तिले बेरोजगारीको पीडा भोग्नुपर्ने बाध्यता रहेको छ।